जि.प्र.का.का.द.नं. ६/०४८/०४९
स.क.प.आ.नं. ११४४९, पान नं. ३००९३१९७६

# अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

२०८१ माघ २ गते

## प्रेस वक्तव्य

वरिष्ठ अधिवक्ता डा. दिनेश त्रिपाठीमाथि माघ २ गते जिल्ला अदालत, काठमाडौंको परिसरमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का समर्थकहरूले दुर्व्यवहार गरेको घटनाको हामी निन्दा तथा भर्त्सना गर्दछौं । कालिमाटीको स्वर्णलक्ष्मी सहकारीमा ठगी मुद्दाका प्रतिवादी पूर्व गृहमन्त्री रवि लामिछानेको विपक्षमा त्रिपाठीले बहस गर्नुभएको थियो ।

स्वतन्त्र न्यायपालिका तथा न्याय सम्पादन प्रकृयामा गर्न खोजिएको अवरोध संविधानको अक्षर र मर्म विपरीतको कार्य हो । भविष्यमा यस्ता घटनाको पुनरावृत्ति नहुने प्रबन्ध मिलाउन र घटनामा संलग्नहरूलाई कारबाहीको दायरामा ल्याउन हामी नेपाल सरकारसँग माग गर्दछौं ।

डा. कुन्दन अर्याल
अध्यक्ष

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१० (नीलो घर), स्यूचाटार, काठमाडौं,
पोष्ट बक्स नं.: २७२६, काठमाडौं, नेपाल,
फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१,
Email: insec@insec.org.np
Web-site: www.insec.org.np, www.inseconline.org